दुर्घटनामा ज्यान गुमाएका शिक्षक परिवारलाई नेपाल बैंकले दियो बीमा रकम। पृष्ठ

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७५३३००
इमेल:
bikaskhabar@gmail.com

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१८, अंक-०१ ● २०८२ साउन ०५ गते सोमबार, ● 21 July, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# स्थानीय तहको मूल्याङ्कनका लागि नयाँ कार्यविधि आयो !



कार्यविधिको पूर्णपाठ पढ्न स्क्यान गर्नुहोस्।

विकास संवाददाता
थाहानगर

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्यसम्पादन मूल्यांकन नयाँ स्वरूपमा गर्ने भएको छ । संघीय, प्रदेश र जिल्लास्तरीय गरी तीन तहमा नमुना स्थानीय तह घोषणा गर्नेगरी मन्त्रालयले कार्यविधि स्वीकृत गरी प्रदेश सरकार, जिल्ला समन्वय समिति तथा स्थानीय तहलाई परिपत्र गरेको छ । स्वीकृत कार्यविधिअनुसार १ सय २७ स्थानीय तहलाई नमुना स्थानीय तह घोषणा गर्न सकिनेछ ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले २ साउनको मन्त्रीस्तरीय निर्णय गरी नयाँ कार्यविधि स्वीकृत गरेकी हुन् । चालू आर्थिक वर्ष २०८२/०८३ को मूल्यांकनदेखि नयाँ व्यवस्था लागू हुने भएको मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले जानकारी दिए । मन्त्रालयले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन, वित्तीय सुशासन जोखिम स्वमूल्यांकन र स्थानीय आर्थिक विकासको स्वमूल्यांकनलाई अलगअलग नगरी एकीकृत रूपमा गर्ने भएको हो । संस्थागत क्षमता, वित्तीय जोखिम र आर्थिक विकासलाई एकीकृत गरी स्थानीय शासन कार्यसम्पादन मूल्यांकन कार्यविधि २०८२ लागू गरेसँगै नयाँ स्वरूपमा स्थानीय तहको मूल्यांकन हुने भएको हो ।

स्वीकृत कार्यविधिअनुसार स्थानीय तहको कार्यसम्पादनमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, विपद्, वन तथा वातावरण र सुशासन तथा संस्थागत विकासलाई विकासका पाँच विषयगत क्षेत्रका रूपमा कायम गरिएको छ । पाँच विषयगत क्षेत्रअन्तर्गत सयवटा सूचकमा स्थानीय तहको कार्यसमपादन मूल्यांकन हुने व्यवस्था गरिएको छ । मन्त्रालयले देशैभरबाट उत्कृष्ट कार्यसम्पादन गर्ने पाँचवटा नगर पालिका र पाँचवटा गाउँपालिकालाई संघीय तहमा नमुना स्थानीय तह घोषणा गर्ने नीति लिएको छ । यस्तै, प्रदेश तहमा तीन गाउँपालिका र तीन नगर पालिकालाई नमुना स्थानीय तह घोषणा गर्न सकिनेछ ।

यस्तै, जिल्ला तहमा पनि एक नगरपालिका र एक गाउँपालिकालाई नमुना स्थानीय तह घोषणा गर्न सकिनेगरी अधिकार दिइएको मन्त्रालयले जनाएको छ ।निर्देशिकाअनुसार सात प्रदेशका तीन नगरपालिका र तीन गाउँपालिका गरी ४२ वटा स्थानीय तहलाई सम्बन्धित प्रदेशले प्रदेशस्तरको नमुना स्थानीय तह घोषणा गर्न सक्नेछन् । ७७ जिल्ला समन्वय समितिले हरेक जिल्लाबाट सर्वोत्कृष्ट अंक ल्याउने एक नगरपालिका र एक गाउँपालिका गरी १ सय ४४ स्थानीय तहलाई जिल्ला स्तरको नमुना स्थानीय तहका रूपमा जिल्ला समन्वय समितिहरूले घोषणा गर्न सक्नेगरी मूल्यांकनको नतिजा तयार गरिने पनि मन्त्रालयले जनाएको हो । गाउँपालिका तथा नगरपालिकाले स्वमूल्यांकनको नतिजा पेस गरेका आधारमा मन्त्रालयले भेरिफाई गरेपछि अन्तिम मूल्यांकन सार्वजनिक हुने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ । स्थानीय तहको कार्यसम्पादन प्रभावकारी र सन्तुलित विकासमा योगदान पुगोस् भन्ने उद्देश्यले मूल्यांकन प्रणालीलाई परिष्कृत गरिएको मन्त्रालयका प्रवक्ता पराजुलीले बताए ।

मन्त्रालयले ५ वर्गमा स्थानीय तहलाई वर्गीकरण गर्ने नीति लिएको छ । ९० भन्दा बढी अंक ल्याउनेलाई सर्वोत्कृष्ट र ३५ भन्दा कम अंक ल्याउनेलाई अति कमजोर भनेर वर्गीकरण गरिनेछ । मन्त्रालयका संघीय मामिला महाशाखा प्रमुखको संयोजकत्वमा प्राकृतिक स्रोत तथा वित्त आयोगका उपसचिव, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमका राष्ट्रिय कार्यक्रम प्रबन्धकसमेत रहेको मूल्यांकन सहजीकरण समिति बनाएर अन्तिम मूल्यांकन गरिनेछ ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री न्यौपानेले पदभार ग्रहण गरेसँगै तीनै तहका संगठन तथा व्यवस्थापनलाई मापदण्डमा आधारित बनाउने घोषणा गरिसकेकी छन् । न्यौपानेले पदबहालीको निर्णयकै रूपमा गर्दा संघ, प्रदेश र स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई मापदण्डमा आधारित बनाउन समिति गठन गर्ने निर्णय गरेर पदबहाली गरेकी हुन् ।

# थाहानगरको ७ नम्बर वडा 'पूर्ण संस्थागत सुत्केरी वडा' घोषणा





◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाको वडा नम्बर ७ 'पूर्ण संस्थागत सुत्केरी वडा' घोषणा भएको छ ।

७ नम्बर वडाको देउखेल शहरी स्वास्थ्य केन्द्रमा ३२ असारमा आयोजित एक समारोहका बिच थाहानगर प्रमुख बिष्णु बहादुर बिष्टले वडालाई पुर्ण संस्थागत सुत्केरी वडा घोषणा गरेका हुन ।

साविक आग्रामा पर्ने सो वडामा तीन आर्थिक वर्ष यता सबै महिला स्वास्थ्य संस्थामै सुरक्षित सुत्केरी भएको प्रमाणिकरण भएपछि ुपूर्ण संस्थागत सुत्केरीयुक्त वड्ा घोषणा गरिएको हो ।

बाँकी पेज ५ मा






# • सम्पादकीय •

## हामी १८औं वर्षमा प्रवेश

विकास खबरपत्रिका साप्ताहिक २०८२ साउनबाट १८औं वर्षमा प्रवेश गरेको छ । विकास खबरपत्रिका अझै वयस्क भएको छ, उमेरले परिपक्व भएको छ । पत्रिकाले १७ वर्षको अवधिमा ग्रामिण पत्रकारितालाई व्यावसायिक रुपमा स्थापित गर्न आफ्नो ठाउँबाट महत्वपूर्ण भूमिका खेलेको छ । मुलुकमा ठूला ठूला समाचारका विषय वस्तु राष्ट्रियस्तरका सञ्चार माध्यमहरुले कभरेज गर्छन् । राष्ट्रिय राजनीतिका कुरा पनि तिनै सञ्चार माध्यमले बाहिर ल्याउँछन् । तर तिनै बढि लगानीमा सञ्चालन भएका सञ्चालक, पत्रकारले खाने अन्न र तरकारी उत्पादन गर्ने किसानका कुरा, खेतीपातीमा दृढ खेतालाका कुरा र सवाल उठाउन हामीजस्ता स्वरोजगारमुखी ग्रामिण पत्रकारिताको योगदान हुन्छ । उनीहरुकै सवाललाई जिल्ला र प्रदेश हुँदै राष्ट्रियकरण गर्न विकास खबरपत्रिकाको पनि योगदान रहको छ । भन्सारबाट संकलित राजश्व भन्दा स्थानीय तहले संकलन गरेको राजश्वका समाचार हाम्रा पत्रिकामा ठूला ठूला अक्षरले छापिन्छन् । तसर्थ हामी नागरिक पत्रकारितामै केन्द्रित छौं ।

हामीले गरेको पत्रकारिता र उठान गरेको विषयवस्तुका सन्दर्भमा पाठक–दर्शक र शुभेच्छुकहरूबाट पाएका सुझाव र प्रतिक्रियाले हामीलाई थप सशक्त रुपमा अगाडि बढ्न उर्जा दिइरहेको छ । हामीले सोझै पत्रिकामा पहुँच नभएका पठाकहरुलाई डिजिटल रुपमै पढ्न सक्ने व्यवस्था गरेका छौं । यसका लागि विकासखबर डटकम पत्रिकाको डिजिटल 'प्लेटफर्म' हो । यसबाट विश्वभर रहेका नेपालीलाई डिजिटल माध्यमबाट जोड्ने उदेश्यमा नेपालखबरले राम्रो सफलता मिलेको हाम्रो विश्वास छ । अठारौँ वर्ष प्रवेशको यो अवसरमा हामी ती सबै पाठक, शुभेच्छुक र व्यावसायिक संस्थाहरूलाई फेरि पनि धन्यवाद दिन चाहन्छौँ, जसले आफ्नो संस्था र देशको अर्थतन्त्र धर्मराएको अवस्थामा समेत हामीप्रति आफ्नो विश्वास र सहयोगलाई निरन्तरता दिए । विकास खबरपत्रिकाको दायरा फैलाउँदै जाने क्रममा हामीले अनलाइन संस्करण सञ्चालनमा ल्याएका हौं ।

हामीले गाउँका विकास निर्माण, स्थानीय निर्वाचन होस् वा अन्य आन्तरिक सवालहरु, पालिका–पालिका बीचको सम्बन्ध, होस् वा त्यसले भूराजनीतिमा भइरहने फेरबदल, विकास खबरपत्रिकाले आफ्नो प्रस्तुतिमा सधैँ विश्वसनीयता र सन्तुलन कायम राख्दै आएको छ । राष्ट्रहित, लोकतन्त्रका मूल्य–मान्यता, आर्थिक–सामाजिक परिवर्तन र नागरिक अधिकारप्रति हाम्रो प्रतिबद्धता दोहोर्‍याइरहनु पर्दैन । हाम्रो सत्र वर्षको यात्राले साबित गरिसकेको छः सत्य–तथ्यमा आधारित सन्तुलित पत्रकारितामा हामी कसैसँग सम्झौता गर्दैनौँ । हामी हल्लाको भरमा नभई यथार्थमा आधारित समाचारलाई सँधै प्राथमिकता दिन्छौं । आम नागरिकको दैनिकी, जनजीविका, रहनसहज र स्थानीय लोक संस्कृति संरक्षणमा समेत योगदान पुग्ने विषयवस्तुलाई हामी समाचारको रुपमिा आम पाठकहरु समक्ष पुग्ने गरेका छौं । जब, नागरिकका कुरा सञ्चार माध्यममा आउँछन्, उनीहरुकै सवाल समेटिन्छन् तब सञ्चारमाध्यम उनीहरुको सारथिको रुपमा स्थापित हुने रहेछ भन्ने कुरा हाम्रो सिकाइकै रुपमा रहेको छ । हामी जहिले पनि नागरिकलाई केन्द्रमा राखेर उनीहरुलाई सम्झोर विषयहरु उठान गर्छौं र नागरिकहरुले सञ्चार माध्यमप्रति विश्वास र अपनत्व दुवै लिने गर्दछन् । तसर्थ पाठकका सुझाव र प्रतिक्रियालाई हामीले सधैँ मार्गदर्शनका रुपमा लिएका छौँ, जसले विकास खबरपत्रिकालाई अझै परिष्कृत र बलियो बनाउने हाम्रो विश्वास छ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय तहको बजेट कार्यान्वयनमा लुकेको 'असार'



शिवराज खड्का

आगामी आर्थिक वर्षका लागि गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्रालयबाट मठमन्दिर निर्माण तथा मर्मतका नाममा १९ करोड १० लाख रूपैयाँ विनियोजन भएको छ । बजेटमा ३ सय २१ वटा मन्दिर बनाउने भनिएको छ । प्रदेशको बजेटमाथि छलफलमा सांसदहरूले पर्यटन मन्त्री मित्रलाल बस्याललाई 'मन्दिर मन्त्री' समेत भनेर कटाक्ष गरे । जवाफमा मन्त्री बस्यालले भने– जे माग आयो, त्यसैमा बजेट राखेँ । धार्मिक आस्थाहरूको सम्मान गर्नुपर्छ । संरचनाहरू पनि बन्नु, संरक्षण गर्नुपर्छ तर थुप्रै मन्दिर, गुम्बा, चर्च, मस्जिद तथा जातजाति विशेषका भवन निर्माणका लागि पालिकाहरूबाट बजेट हात पार्न धार्मिक र जात-जातिगत संघसंस्थाबीच प्रतिस्पर्धा नै चलेजस्तो देखिन्छ ।

त्यस्तै, अर्को घटना बागमती प्रदेशको बजेट गण्डकी प्रदेशमा । विकासको नाममा हामी हाम्रै कर कस्ता र कसरी खर्च गरि रहेका छौँ भन्ने माथि उल्लेख गरिएको एउटा गतिलो उदाहरण हो । प्रदेश तहबाटै यस्तो बजेट विनियोजन भएपछि स्थानीय तहमा कस्तो होला, सजिलै अनुमान लगाउन सकिन्छ । केन्द्रीय बजेटको पनि कुरा उठिरहेकै छ भने पहुँच हुनेले माथिदेखि तलसम्म यी यस्ता काममा सरकारी बजेट उपयोग र दुरूपयोग हुनु दुर्भाग्य हो ।

बजेट भनेको मुख्यतः समाजको दैनन्दिनसँग जोडिएको विषयसँग सरोकार हो । गाउँघरमा धेरैले माग गर्ने बजेट नजिकैको पानीको मूल या खोलाबाट खेतबारी वा गाउँघरसम्म जाने कुलो मर्मत, खानेपानीका लागि प्रयोग भइरहेका कुवा मर्मत, हिँडिरहेको गोरेटोको सफाइ र मर्मत, स्थानीय चौतारोको संरक्षण र आहाल या पोखरी, खानेपानीको पाइप, मल, बीउ बिजनलगायत जस्ता नै हुन्छन् । अझ भन्नुपर्दा पालिकाहरूले पूर्वाधार विकास, रोजगारी सिर्जनासँगै कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रलाई बजेटमा प्राथमिकता दिएका छन् र हुनुपर्छ पनि त्यही । तर, पछिल्लो समय योजना छनोटदेखि कार्यान्वयन पक्षमा धेरै शंका उब्जन थालेका छन् । त्यसको कारण हो, मिलोमतोमा योजना, कार्यान्वयनमा ढिलाइ, स्वार्थमा अनावश्यक ठाउँमा पनि बजेट विनियोजन गरिनु, कामको गुणस्तरमा वेबास्ता र असारे विकास ।

स्थानीय सरकार सञ्चालन ऐन र अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐनले स्थानीय सरकारका लागि असार १० भित्रै बजेट ल्याउनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ भने असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा छ । त्यहीअनुसार अधिकांश स्थानीय तहले असार १० मै बजेट ल्याएका छन् । सार्वजनिक भएका अधिकांश स्थानीय तहले पुरानै कार्यक्रमलाई निरन्तरता दिँदै बजेट विनियोजन गरेका छन् भने केही नयाँ कार्यक्रम पनि ल्याइएका छन् । उनीहरूले पूर्वाधार विकास, रोजगारी सिर्जनासँगै कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रलाई बजेटमा प्राथमिकता दिएका छन् । तर, खर्च पद्धतिमा व्यापक सुधार नल्याएसम्म स्थानीय तहहरूलाई बजेटको लक्ष्य हासिल गर्न भने चुनौतीपूर्ण नै छ ।

बजेट समयमै कार्यान्वयनमा जाओस् भनेर आर्थिक वर्ष सुरू हुनुअघि नै बजेट ल्याएर पारित पनि गरिसक्ने संवैधानिक र कानुनी व्यवस्था गरिएको हो । तर, अधिकांशको बजेट खर्च सन्तोषजनक देखिँदैन । पुँजीगत खर्च निराशाजनक छ । बजेट कार्यान्वयन प्रक्रिया नै ढिलो सुरू हुने र आर्थिक वर्ष सकिने बेला हतारिएर खर्च गर्ने संघ सरकारको प्रवत्ति प्रदेश सरकारमा जस्तै स्थानीय सरकारमा पनि सरेको छ । त्यसैले पालिकाहरूले बजेट खर्च पद्धतिमा व्यापक सुधार गर्न जरूरी छ ।

आफ्नो कानुन आफैँ बनाउन सक्ने, कार्यपालिका स्थानीय तहको आफ्नै हुने, बजेट समयमै पेस गर्ने, नीति तथा कार्यक्रम ल्याउनेदेखि स्वीकृत गर्नेसम्मको अधिकार स्थानीय तहलाई छ । त्यसो हुँदा पनि बजेट समयमै ल्याउन र कार्यान्वयनमा समस्या देखिन्छ । समयमा बजेट नल्याउने स्थानीय तहलाई कारबाही गर्ने कुनै पनि कानुनी व्यवस्था गरिएको छैन । धेरैलाई लाग्न सक्छ, केही ढिला भएर के हुन्छ र ? बजेट पारित हुन ढिलाइ हुँदा सामाजिक सुरक्षा भत्ताबाहेकका सबै भुक्तानी रोकिन सक्छ । तलब र अरू खर्च रोकिनेछ ।

सर्वसाधारणले स्थानीय सरकारलाई बुझाउनुपर्ने भूमि तथा मालपोत कर पनि तिर्न पाउँदैनन् । बजेट साउनअघि पारित नहुँदा नयाँ आर्थिक वर्ष लाग्नेबित्तिकै स्थानीय तहबाट हुने भौतिक निर्माण, खरिद, तालिम तथा भ्रमण अवलोकनजस्ता कार्यक्रम पनि रोकिनेछ । आर्थिक विधेयक नगरसभाबाट कर उठाउनसमेत कठिन हुनेछ । मुख्य कुरा त हाम्रोमा भनिने गरिएको असारे विकास अर्थात् विनियोजित बजेट असार मसान्तभित्र खर्च गरिसक्नुपर्ने र ठेकेदार कम्पनीहरूले पनि असार मसान्तभित्रै योजना सम्पन्न गरी भुक्तानी स्वीकृत गरिसक्नुपर्ने नियमले असारको रोपाइँभन्दा बढी चटारो विकासे ठेकेदारहरूलाई हुन्छ । त्यसैले त योजना सम्पन्न भएको प्रतिवेदन र बिल भर्पाइ पेस गरी स्वीकृत गराउन असार महिनाभरि सरकारी अड्डामा ठेकेदार कम्पनी, उपभोक्ता समिति र स्थानीय जनप्रनिनिधिहरूको भीड देख्न पाइन्छ ।

स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार हो । नागरिकको सबै प्रकारका समस्या सम्बोधनको पहिलो संयन्त्र स्थानीय सरकार हो । तर बजेट पारित भएर पनि समयमा विकास निर्माणका काम हुन सकिरहेका छैनन् । वर्षको एघार महिना सुस्ताएका ठेकेदार, उपभोक्ता समिति असार लागेपछि भने काम गर्न जुर्मुराउने र सरकार पनि असार लागेपछि मात्रै विकासको काममा जाँगर देखाउने प्रवृत्तिले असारे विकासले प्रश्रय पाउँदै आएको छ । स्थानीय जनप्रतिनिधिहरूले पनि जनतालाई विकासको काम भएको र आफ्नो प्रतिबद्धता पूरा गरेको देखाउन यही असारलाई नै उपयुक्त महिना ठानेर बाटाघाटो, पुलपुलेसा आदि बनाउने कामलाई प्राथमिकता दिन्छन् । यस्तो असारे विकास कामचोर ठेकेदार र अनियमितता गर्न पल्केका सरकारी पदाधिकारीका लागि अनियमितता गर्ने एउटा सजिलो माध्यम बनेको छ ।

स्थानीय अगुवा योजना सम्पन्न गर्न बनाइएका उपभोक्ता समितिमा हर्ताकर्ता हुन्छन् । कतिपय योजनाबारे विकट गाउँका स्थानीयवासी जानकारसमेत हुँदैनन् । जब बजेट हात पर्छ तब तिनै अगुवाले नै टालटुल काम गरेर रकम सक्ने चलन यदाकदा छँदै छ । असार अन्तिममा डोजर, स्काभेटर, लोडरले फुर्सद पाउँदैनन् । न्यून लागत मूल्यमा ठेक्का सकार गर्ने अनि काम गर्न आलटाल गर्ने प्रवृत्तिले पनि निर्माणमा समस्या देखिएको छ । आर्थिक वर्षको अन्त्यमा बजेट सक्ने प्रवृत्तिले भ्रष्टाचारलाई बढाएको छ ।

स्थानीय तहले विकासको नाममा भौतिक पूर्वाधार विकासमा भन्दा पनि स्थानीय नागरिकलाई सीपयुक्त बनाई उनीहरूले गर्न सक्ने काममा ध्यान दिन जरूरी छ । इलेक्ट्रिसियन र प्लम्बिङ, साइकल मर्मत, टायर पन्चर, फ्रिज, पंखा, मोबाइल, रेडियो, टिभी मर्मत, कपाल काट्नेलगायतका काममा रोजगारी सिर्जना गर्न सकिन्छ । त्यस्तै माटाका भाँडा बनाउने, अगरबत्ती उद्योग, हस्तकला उद्योग, हाउस वायरिङ, प्लम्बिङ, मोबाइल मर्मत पसल, धातुजन्य उद्योग स्थापना र जुटको झोला बुनाइ उद्योग स्थानीय स्तरमा सञ्चालन गर्न सकिन्छ ।

कतिपयले यस्ता शीर्षकका लागि बजेट छुट्ट्याएका पनि छन्, तर कार्यान्वयन भने एकदम फितलो र झारा टार्ने, प्रमाणपत्र दिएर फोटो खिचाउने मात्रै हुन्छ । उनीहरूको सीपको दक्षता र दिगोपनमा ध्यान दिएको पाइँदैन । त्यसैले ग्रामीण अर्थतन्त्रमा बल पुग्ने कृषि, सिँचाइ, साना उद्यम विकासलगायत रोजगारमूलक क्षेत्रलाई प्रोत्साहित गरिनुपर्छ । खेतीपाती, पशुपालन, जडीबुटी खेती तथा प्रशोधन, सीप विकास, प्रविधि विकास र प्रवर्द्धन गर्न स्वदेश तथा विदेशबाट सीप सिकेर गाउँ फर्किएका युवा जनशक्तिलाई स्थानीय सरकारले उच्च प्राथमिकतासाथ परिचालन गर्न हिचकिचाउनु हुँदैन । दिगो विकासका लागि कृषि र पर्यटनलाई ध्यान दिन सक्नुपर्छ ।

स्थानीय निकायमा सामाजिक सुरक्षा भत्ता वितरण, विकास बजेट र अनुदान व्यवस्थापनमा समेत भ्रष्टाचार र अनियमितता हुन्छ । दलीय संयन्त्रका नाममा मिलीजुली अनुदान सिध्याउने, विकास बजेट हिनामिना तथा अपचलन गर्ने, फ्रिज गर्नुपर्ने रकमसमेत फ्रिज नगरी अन्य खातामा लुकाउने, दलीय भागबन्डामा रकम वितरण गर्ने, कमसल तथा न्यून काममा पनि भुक्तानी गर्ने, नक्कली योजनामा भुक्तानी लेख्ने, लक्षित बजेट अन्यत्र खर्च गर्ने, अनुत्पादक खर्च गर्ने, जथाभावी र अनियमित तवरले कर्मचारी भर्नाजस्ता भ्रष्टाचार तथा

*बाँकी पेज ३ मा*

# खानेपानीको परीक्षण किन गर्ने ? कति समयको अन्तरालमा गर्ने ?

पानी मानव जीवनको आधारभूत आवश्यकता हो। स्वस्थ जीवनयापनको लागि शुद्ध र सुरक्षित खानेपानी अनिवार्य हुन्छ । यद्यपि बाह्य रूपमा सफा देखिने पानी सधैं शुद्ध हुन्छ भन्ने हुँदैन । पानीमा विभिन्न प्रकारका सूक्ष्म जीवाणु, रसायन, भारी धातु वा अन्य हानिकारक तत्वहरू मिसिएको हुन सक्छ। यिनै सम्भावित जोखिमहरूबाट बच्नका लागि खानेपानीको परीक्षण गर्नु आवश्यक हुन्छ ।

**१. स्वास्थ्यको सुरक्षाका लागि**

खानेपानीमा हुने रोगजन्य जीवाणुहरू जस्तै कोलिफर्म, इकोली, हेपाटाइटिस ए जस्ता सूक्ष्मजीवहरूले गम्भीर रोगहरू फैलाउँछन्। यस्ता रोगहरू विशेष गरी बालबालिका, गर्भवती महिला, वृद्धवृद्धा र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिहरूमा घातक हुन सक्छ । पानीको गुणस्तर परीक्षण गर्दा यी सूक्ष्मजीवहरूको उपस्थिति पत्ता लाग्छ र उचित उपचार गर्न सकिन्छ ।

**२. रासायनिक प्रदूषणको पहिचान**

धेरै ठाउँमा भूगर्भीय कारण वा मानवजनित गतिविधिका कारण पानीमा रासायनिक प्रदूषण हुने गर्छ । उदाहरणका लागि, आर्सेनिक, फ्लोराइड, नाइट्रेट आदि तत्वहरू पानीमा मिसिएर दीर्घकालीन स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छन् । जस्तै, फ्लोराइडको मात्रा धेरै भएको पानीले दाँत र हड्डीमा असर पुऱ्याउन सक्छ भने आर्सेनिक विषाक्तताको कारण छालाको क्यान्सर वा अन्य रोगहरू हुन सक्छन् ।

**३. वातावरणीय प्रभावको मूल्याङ्कन**

पानीको गुणस्तर परीक्षण गर्दा वातावरणीय प्रभावहरूको पनि मूल्याङ्कन गर्न सकिन्छ । जलस्रोतहरूमा हुने प्रदूषण (जस्तै कृषि क्षेत्रमा प्रयोग गरिने मल र विषादी), औद्योगिक फोहोर, वा सहरबाट बग्ने ढलजन्य पदार्थहरू पानीको गुणस्तरमा असर गर्छन् । परीक्षणले यस्ता प्रभावको पहिचान गर्न सहयोग गर्छ र समाधान खोज्न मार्गदर्शन दिन्छ ।

**४. खानेपानी स्रोतको उपयुक्तता मूल्याङ्कन**

पानीको स्रोत चाहे त्यो इनार, पँधेरो, नल, धारा वा ट्यांकी होस्, त्यसको



उपयोग योग्यताको सुनिश्चितता परीक्षणबाट गर्न सकिन्छ। कहिलेकाहीँ देखिने पानी शुद्ध देखिए पनि यसको स्वाद, गन्ध, वा रसायनिक संरचना उपयुक्त नहुन सक्छ। परीक्षणले उक्त स्रोत खानेपानीको लागि योग्य छ कि छैन भन्ने जानकारी दिन्छ ।

**५. सरोकारवाला निकायहरुलाई मार्गनिर्देशन**

स्थानीय सरकार, पानी समितिहरू, स्वास्थ्य संस्था र अन्य सरोकारवाला निकायहरूलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउनको लागि तथ्यांक आवश्यक पर्छ ।

परीक्षणको नतिजा नीति निर्माण, योजना निर्माण र कार्यान्वयनमा सघाउ पुऱ्याउँछ। परीक्षण नभई अनुमानका आधारमा गरिएको कार्य प्रभावकारी नहुन सक्छ ।

**६. जनचेतना अभिवृद्धिका लागि**

खानेपानीको परीक्षणमार्फत प्राप्त हुने तथ्यांकहरूले समुदायलाई सचेत गराउन सकिन्छ । परीक्षणको रिपोर्ट सार्वजनिक गरिएमा स्थानीय बासिन्दाहरू आफूले प्रयोग गर्ने पानीको गुणस्तरबारे जानकार हुन्छन्, र आवश्यक सावधानी अपनाउने प्रेरणा पाउँछन् । यसले दीर्घकालमा सामुदायिक स्वास्थ्य सुधारमा सकारात्मक प्रभाव पार्न सक्छ ।

**कति समयको अन्तरालमा खानेपानी परिक्षण गर्नुपर्छ ?**

खानेपानीको परीक्षण कहिले र कति पटक गर्नुपर्छ भन्ने कुरा पानीको स्रोत, प्रयोगको स्वरूप, स्थानको जोखिमस्तर, र उपभोगकर्ताको संख्याजस्ता कुरामा निर्भर हुन्छ । यद्यपि, सामान्य सिफारिसअनुसार तलका अन्तरालहरूमा परीक्षण गर्नुपर्छः

**घरायसी प्रयोगको लागि:**

यदि तपाईंको घरमा इनार, पँधेरो वा व्यक्तिगत पानीको स्रोत प्रयोग भइरहेको छ भनेः

- प्रत्येक ६ महिनामा एकपटक पानीको आधारभूत परीक्षण (basic quality test) गर्नुपर्छ ।
- यदि तपाईंको क्षेत्रमा कुनै प्राकृतिक विपद् (बाढी, भूकम्प) आएको छ भने वा स्वाद, रंग, गन्धमा परिवर्तन देखिएको छ भने तत्काल परीक्षण गर्नुपर्छ ।

**सामुदायिक खानेपानी प्रणालीका लागि:**

- कम्तीमा वर्षमा दुईपटक (प्रत्येक ६ महिनामा) परीक्षण गर्न आवश्यक छ ।
- एकपटक वर्षातको अघि (चैत-बैशाख)
- अर्को वर्षातपछि (असोज-कात्तिक)

**परीक्षणको दायराः**

- ब्याक्टेरियोलोजिकल (रोगजन्य जीवाणुहरूको) परीक्षण
- रासायनिक परीक्षण (फ्लोराइड, आर्सेनिक आदि)
- भौतिक गुण (रंग, गन्ध, स्वाद आदि)

**उच्च जोखिम भएका क्षेत्रहरुमा**

- यदि पानीको स्रोत औद्योगिक क्षेत्र, खुल्ला ढल, कृषि मल/विषादी प्रयोग हुने क्षेत्र वा बाढीप्रभावित क्षेत्रमा छ भनेः
- प्रत्येक ३ महिनामा एकपटक परीक्षण गर्नु उपयुक्त हुन्छ ।

**सार्वजनिक स्थानहरुका लागि:**

- यी स्थानहरूमा ३-६ महिनामा एकपटक अनिवार्य रूपमा पानी परीक्षण गरिनुपर्छ ।
- अत्यधिक भीड हुने ठाउँमा अझ छोटो अन्तराल (२-३ महिना) मा परीक्षण गर्न सुझाव दिइन्छ ।

पानीको गुणस्तर समयसँगै परिवर्तन हुन सक्ने भएकाले नियमित परीक्षण गर्नु सुरक्षित जीवनका लागि अनिवार्य छ । यदि पानीको स्वाद, गन्ध वा रंगमा सामान्यताभन्दा फरक देखिएमा परीक्षणको समय कुर्न नपरी तत्काल परीक्षण गर्नु उपयुक्त हुन्छ ।

## स्थानीय तहको..... .

अनियमितताका अनेक कार्य भएका देखिन्छन् । बजेट कार्यान्वयनको सिलसिलामा अझ स्थानीय पूर्वाधार विकासतर्फ उपभोक्ता समितिमा मौलाएको ठेकेदारी, भूटा बिल भर्पाइ, स्पेसिफिकेसन बनाउँदा गडबडी, नजिकै पाइने निर्माण सामग्रीलाई टाढा देखाई बढी रकम भुक्तानी, भेरिएसनको नाममा अनावश्यक दायित्व, आयोजना समयमा सम्पन्न नगरी लागतको भार थप्ने, मेसिनरी प्रयोग गर्ने तर भुक्तानी भने श्रम ज्यालामा लिने आदि अनियमितता समय-समयमा सार्वजनिक भइरहेका छन् । यस अतिरिक्त स्थानीय ढुङ्गा, गिट्टी, बालुवालगायतका स्रोतसाधनको उपयोगमा भारी अनियमितता देखिएको छ ।

स्थानीय सरकारले कसरी काम गर्छ ? बजेट कसरी बनाइन्छ र खर्च कसरी हुन्छ ? आफूलाई शासन गर्ने निकायले कानुन र विधिहरू कसरी बनाउँछ ? भन्ने सवालमा नागरिकले पनि सदैव चासो, अनुगमन, निरीक्षण र खबरदारी गर्न आवश्यक छ । साथै, स्थानीय विकासमा ठेक्का लागेको आयोजनाको पनि जिम्मेवारी तोकिनुपर्छ । सामान्यतः ठेक्का लगाएपछि, उपभोक्ता समूहलाई जिम्मेवारी दिएपछि, टोल विकास संस्थालाई निकासा पठाएपछि काम सम्पन्न भएको ठान्ने प्रवृत्तिले स्थानीय सरकारहरू बजेट कार्यान्वयनमा असफल भएका छन् । तर, विकासमा भागबन्डा, सेवा प्रवाहमा तेरो-मेरो र समृद्धिमा किचलो गर्न थालियो भने संघीय शासन प्रणालीमाथि नै आँच आउनेछ । आफूले जिम्मेवारी पाएको कामको 'माखो नमार्ने' र माथिल्लो निकायलाई गाली मात्रै गर्ने प्रवृत्तिले विकास अघि बढ्दैन । जुनसुकै विकास पनि दिगो हुनुपर्छ । विकास निर्माणका हरेक काममा सरोकारवाला निकायसँग समन्वय हुनुपर्छ । विकास निर्माणको काममा अनियमितताले नियमितता पाउने हो भने यसले विकास होइन, विनाश निम्त्याउँछ ।

समयमै बजेट आउँदा पनि यो कमजोरीमा सुधार आएको छैन । मुठीभर व्यक्तिको हित र स्वार्थका लागि कोरिएको खाका समय र बजेटको बर्बादी हो । असारे विकासलाई सुधार्न सरकारले नीतिगत प्रयत्न गर्नैपर्छ । बहुवर्षीय टेन्डर प्रक्रिया, खरिद योजनाको कार्यान्वयन र राजनीतिक इच्छाशक्ति हुनैपर्छ । विकासका लागि बजेटको थैली मात्र भएर हुँदैन, उद्देश्य सही हुनुपर्छ । पुरानै ढर्रा र शैली पनि फेरिन आवश्यक छ । असारमा बजेट सक्नकै लागि तालिम गोष्ठी, सभा सम्मेलन भोजभतेरको आयोजन हुनु पनि अर्को ठट्टाको विषय हो ।

स्थानीय सरकारको प्रत्यक्ष सरोकार तथा जवाफदेहिता जनताप्रति हुन्छ । सार्वजनिक पदाधिकारीले प्राप्त अधिकार, काम, कर्तव्य र जिम्मेवारीको निर्वाह गर्दा उत्तरदायी ढंगबाट गर्नु आवश्यक हुन्छ । यसका लागि नागरिक समाजले खबरदारी र बहिष्कार दुवै गर्नुपर्छ । चटारोमा गरेको विकास चौपट भएका थुप्रै उदाहरण छन् । बर्खामा विकास गर्ने अनि हिउँदमा पछुताउने सनातन मानसिकता सरकारमा विद्यमान छ । असारे विकास रोक्न सरकारको कार्यशैली, कर्मचारी संयन्त्रको नियत र प्रवृत्ति परिवर्तन गर्न अपरिहार्य छ ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लब, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# हेटौंडा सिमेन्ट उद्योगमा सञ्चालक सदस्य नियुक्त गर्ने दरखास्त आह्वान

◆ विकास संवाददाता

सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग लिमिटेडमा सञ्चालक सदस्य नियुक्तिका लागि दरखास्त आह्वान भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले हेटौंडा सिमेन्ट उद्योगमा रिक्त दुई सञ्चालक सदस्य पदमा नियुक्तिका लागि दरखास्त आह्वान गरेको हो।

उद्योग मन्त्रालयले जारी गरेको सूचना अनुसार सञ्चालक सदस्य खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरिने छ। इच्छुक र योग्य नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले एक साताभित्र (१० साउन) कार्यालय समयभित्र सिंहदरबारस्थित मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखामा आवेदन दिनुपर्ने छ। आवेदनका लागि मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको हुनुपर्ने सूचनामा उल्लेख छ।

आवेदकको उमेर दरखास्त दिने अन्तिम मितिसम्म ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने जनाइएको छ। 'उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका २०७८' को अनुसूची-२ बमोजिम सञ्चालक सदस्य पदमा दरखास्त भरेर २ प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मन्त्रालयको वेबसाइटमा रहेको नमुना बमोजिम स्वघोषणा फारम, व्यक्तिगत विवरण र अनुभव सम्बन्धमा सम्बन्धित निकायको प्रमाणित कागजातका प्रतिलिपिलाई उम्मेदवार स्वयंले प्रमाणित गरी पेस गर्नुपर्ने सूचनामा उल्लेख छ।




# मकवानपुरको वनकरिया बस्ती स्थानान्तरण गर्ने तयारी

◆ विकास संवाददाता

भूमि समस्या समाधान आयोगले ३५ दिने सूचना जारी गर्दै दोस्रोपटक निवेदन पेश गर्न आह्वान गरेको छ। सोही अनुसार वनकरिया समुदायले पनि आफू बसेको भूमिको लालपूर्जा माग गर्दै आयोगमा निवेदन दिएको छ। मुसेधापस्थित बस्ती संरक्षित क्षेत्रभित्र पर्ने भएकाले आयोगले त्यहाँ लालपूर्जा वितरण गर्न नसक्ने स्पष्ट पारेको छ।

आयोगकाअनुसार संरक्षित क्षेत्रलाई राज्यले विशेष व्यवस्थामा राख्ने भएकाले त्यहाँ स्वामित्व अधिकार दिन सम्भव नरहेको भूमि समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष बलराम बलले बताए। अध्यक्ष बलले सरकार समुदायलाई वैकल्पिक स्थानमा स्थानान्तरण गरी जग्गा उपलब्ध गराउने तयारीमा रहेको जानकारी दिए। तर, समुदायले आफू पुर्स्तौंदेखि बस्दै आएको ठाउँ नछोड्ने अडान लिएपछि समस्या थप पेचिलो बनेको छ।

स्थानीय सन्तमाया वनकरियाका अनुसार उनीहरूले विगत दुई दशकदेखि सोही स्थानमा बसोवास गर्दै आएका छन्। पुस्तौंदेखि बस्दै आएको स्थान कुनैपनि हालतमा आफूहरू छोड्न तयार नभएको उनको भनाई छ। करिव तीन दशक अघिसम्म जंगलमै फिरन्ते जीवन बिताइरहेको वनकरिया समुदाय अहिले



मकवानपुरको मनहरी गाउँपालिका-४ स्थित मुसेधाप ट्वांग्राखोलाको किनारमा बसोवास गर्दै आएको छ। नेपाल सरकारले २०६२ साल चैत २८ गते उनीहरूलाई कबुलियती वनको ९ हेक्टर जमिन २० वर्षका लागि उपयोग गर्न दिने कागजात प्रदान गरेको थियो। म्याद २०८२ चैत २८ गते सकिन लागेको अवस्थामा, समुदाय फेरि आफ्नै थलोबाट विस्थापित हुने डरले त्रसित बनेको छ। हाल मुसेधापस्थित वनकरिया बस्तीमा २४ घर धुरीमा ९३ जना बसोबास गरिरहेका छन्।

बागमती प्रदेश सरकारको लगानीमा केही आवास निर्माण गरिए पनि समुदाय अझै पनि शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारीलगायतका आधारभूत सुविधाबाट वञ्चित छ। यहाँका आधा दर्जन बालबालिकाले एसईई उत्तीर्ण गरेका छन्। बीचमै पढाइ छाड्ने, कम उमेरमा काममा जाने र बालविवाह हुनु समुदायको समस्याको रूपमा रहेको छ। नेपालका १० लोपोन्मुख जातिमध्ये पर्ने वनकरिया समुदायको जीवनस्तर उकास्न सरकारबाट केही प्रयास भएपनि तिनको प्रभावकारिता भने कमजोर देखिएको छ।

सरकारबाट उनीहरूलाई सामाजिक सुरक्षाभत्ता दिइँदै आएको भएपनि समुदायका लागि लालपुर्जा र जीवनको आधार हुने रोजगारीको अवसर दिन सरकारले नसकेको देखिन्छ। सरकारले भूमिहीन र सुकुम्वासीका लागि कानूनी रूपमा प्रक्रिया अगाडि बढाइरहेको भएपनि संरक्षित क्षेत्रभित्र लालपूर्जा वितरण गर्ने कानूनी व्यवस्था नहुनु र समुदायले स्थानान्तरण अस्वीकार गर्नुले यो समस्या झनै जटिल बनाएको छ।


## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ। बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ। |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन।

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय


# पुष्पलालको स्मृति दिवसमा हेटौंडामा जनसाँस्कृतिक साँझ कार्यक्रम हुँदै

◆ विकास संवाददाता

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४७ औं स्मृति दिवसको सन्दर्भमा हेटौंडामा स्वर समर्पण जनसाँस्कृतिक साँझ कार्यक्रम हुने भएको छ। नेकपा एमाले मकवानपुर जनसंगठन समन्वय संयन्त्रको आयोजना एवम् राष्ट्रिय जनसांस्कृतिक महासङ्घ मकवानपुरको व्यवस्थापनमा आउदो ७ गते स्वर समर्पण जनसाँस्कृतिक साँझ कार्यक्रम हुन लागेको हो।

हेटौंडा उपमहानगरपालिका-४ स्थित रोयल पार्टी प्यालेसमा दिउँसो ४ बजेबाट सुरू हुने कार्यक्रममा राष्ट्रिय जनसाँस्कृतिक महासंघले १४ वटा जनवादी गीतहरूको प्रस्तुति दिने तयारी गरेको छ। यस्तै अनेरास्ववियु लगाएत अन्य जनसंगठनहरूको समेत विशेष प्रस्तुती रहने जनसंगठन समन्वय संयन्त्र प्रमुख सन्तोष पौडेलले बताए। कार्यक्रममा पार्टी स्वयंसेवक विभागले स्वयमसेवक व्यवस्थापन र परिचालनको जिम्मेवारी सम्हालेको छ। जनसंगठन समन्वय संयन्त्र प्रमुख पौडेलले कार्यक्रमको तयारी पूरा भैइसकेको बताउदै जनसंगठन समन्यव संयन्त्र नेकपा एमालेको भातृ संगठनहरूको समन्वय र परिचालन गर्ने वैधानिक संरचना हो। संयन्त्रले जनसंगठनहरूको प्रभावकारी परिचालन, वैचारिक राजनितिक प्रशिक्षण, जनता सँग जनसंगठन अभियान सञ्चालन लगाएत आधारभुत तहसम्म जनसंगठन विस्तार र सुदृढीकरणको लागि महत्वपूर्ण भुमिका निर्वाह गर्दै आएको बताए।

यस्तै यस वर्ष पुष्पलाल स्मृती दिवसको सन्दर्भमा आयोजित स्वर समर्पण जनसाँस्कृतिक साँझ कार्यक्रमले नयाँ पुस्तालाई जनवादी गीत संगीत मार्फत नेपालको कम्युनिस्ट आन्दोलन, समाज र जिवनको बारेमा बुझाउने अपेक्षा आयोजकको रहेको बताए। १५ असार १९८१ मा रामेछापको भँगेरीमा जन्मिएका श्रेष्ठको ७ साउन २०३५ मा भारतको गोविन्दबल्लभ पन्त अस्पतालमा उपचारका क्रममा निधन भएको थियो। पुष्पलालले जनताका पक्षमा अधिकार स्थापित गर्ने लक्ष्यका साथ १० वैशाख २००६ मा नेकपा स्थापना गरेका थिए। नेकपाको स्थापना कोलकाताको श्यामबजारमा पुष्पलाल, नरबहादुर कर्माचार्य, निरन्जनगोविन्द वैद्य, नारायणविलास जोशी, मोतीदेवी श्रेष्ठको सक्रियतामा भएको थियो। राणा विरोधी आन्दोलनका शहीद गङ्गालाल श्रेष्ठका माइला भाइसमेत रहेका श्रेष्ठ दाजुको हत्या भएपछि १५ वर्षकै उमेरमा राणाशाही बिरोधी आन्दोलनमा सक्रिय भए।

छोरा राजनीतिमा लागेकै कारण पिता भक्तलालको सुब्बाको जागिर खोसिएको थियो। २०१७ सालको राजाको कदम पछाडि उनले भूमिगत निर्वासित जीवन बिताएका थिए। त्यसपछि २०२५ सालमा पञ्चायती निरंकुशताको अन्त्यका लागि 'संयुक्त जनआन्दोलनको कार्यदिशा' अगाडि सार्ने उनी पहिलो नेता हुन्।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# दुर्घटनामा ज्यान गुमाएका थाहाका शिक्षकको परिवारलाई नेपाल बैंकले दियो बीमा रकम




◆ विकास संवाददाता

नेपाल बैंक लिमिटेडले सडक दुर्घटनामा परी ज्यान गुमाएका मकवानपुर जिल्लाका एक शिक्षकको परिवारलाई बीमा दाबी रकम स्वरूप पाँच लाख रूपैयाँ भुक्तानी गरेको छ ।

बैंकको पालुङ शाखाका कर्मचारी तलब खाता ग्राहक समेत रहेका रघुनन्दन यादवको निधनपछि बैंकले उक्त बीमा रकम उपलब्ध गराएको हो । मकवानपुर जिल्ला, थाहा नगरपालिका–१ स्थित श्री भ्रम्केश्वरी माध्यमिक विद्यालयमा कार्यरत शिक्षक तथा नेपाल बैंकको पालुङ शाखामा कर्मचारी तलब खाताका ग्राहक रघुनन्दन यादवको २०८२ साल जेठ १२ गते थाहा नगरपालिका–३ मा भएको सडक दुर्घटनामा परी निधन भएको थियो ।

बैंकमा रहेको कर्मचारी तलब खाताको विशेष योजनाअनुसार खाता खोलेको एक वर्षभित्र दुर्घटनाका कारण ग्राहकको मृत्यु भएमा पाँच लाख रूपैयाँसम्मको बीमा सुविधा उपलब्ध गराउने व्यवस्था छ। सोहीअनुसार यादवको निधनपछि आवश्यक कागजात प्राप्त हुनासाथ बीमा दाबी रकम अविलम्ब भुक्तानी गरिएको बैंकले जनाएको छ ।

नेपाल बैंक लिमिटेडले २२ असारमा एक कार्यक्रमको आयोजना गरी मृतक यादवप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनको परिवारलाई बीमा रकम हस्तान्तरण गरेको हो।उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत तिलक राज पाण्डेयले शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै बीमा दाबी रकमको चेक स्व. यादवकी पत्नी अमिरा कुमारी यादवलाई हस्तान्तरण गरे ।

कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत पाण्डेयले नेपाल बैंक लिमिटेडले आफ्ना ग्राहकहरूको वित्तीय सुरक्षालाई सधैँ सर्वोच्च प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै भविष्यमा पनि उत्कृष्ट सेवा र सुरक्षालाई उच्च प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गरे । उनले ग्राहक हितमा कार्य गर्ने बैंकको नीतिको निरन्तरता स्वरूप बीमा रकम समयमै भुक्तानी गरिएको जानकारी दिए। स्व. रघुनन्दन यादवकी पत्नी अमिरा कुमारी यादवले दुःखद घडीमा बिना झन्झट नेपाल बैंक लिमिटेडबाट प्राप्त आर्थिक सहयोगले परिवारको दैनिक जीवन सञ्चालनमा ठूलो राहत पुगेको महसुस भएको भाँडा धन्यवाद व्यक्त गरेकी छन् ।

# मर्किन डाँडा–माथिल्लो काफलचौर सडक खण्ड श्रमदानबाटै मर्मत

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ को मर्किन डाँडा–माथिल्लो काफलचौर सडक खण्डमा श्रमदानबाट सडक मर्मतसहित स्तरीकरण गरिएको छ । सडकका लागि स्थानीयवासीले ३ साउन दिनभर श्रमदान गरेका थिए । सडक सुधारको लागि २० जना स्थानीय उपभोक्ताहरू खटिएका थिए ।



सडकमा मर्मत गर्दै आठ ट्याक्टर ढुङ्गाा र ग्राभेल हालेर सकस सडकलाई सहज बनाइएको छ । स्थानीय उत्पादन बजारसम्म सहज रूपमा ल्याउन र यातायातमा सुधार ल्याउने उद्देश्यले स्थानीयहरूले श्रमदान गरेको जनाएका छन् । श्रमसहित आवश्यक रकम समेत उपभोक्ताहरूले संकलन गरेका थिए ।

# थाहानगरको ७ नम्बर वडा ... .. ..

३२ असारमा घोषणासँगै रूवडालाई प्रमाणपत्र हस्तान्तरण गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका थाहा नगरपालिकाका प्रमुख बिष्टले थाहाका स्वास्थ्य संस्थाको स्तरोन्नतितर्फ आफू लागेको बताउदै यस कार्यमा अहोरात्र खटिने स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई धन्यवाद दिए । उनले नागरिकका आधारभूत स्वासथ्य सुविधाका लागि पालिकाले योजनावद्ध रूपमा काम गर्ने सुनाए ।

जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रशासक कृष्ण मिजारले अब पूर्ण सुरक्षित मातृत्व जिल्ला घोषणाका लागि सबै स्थानीय तह र स्वास्थ्य संस्थाहरू लाग्नुपर्ने बताउदै यस्ता सन्देश जिल्लाको वडावडामा पुग्नुपर्ने उल्लेख गरे । अब वडा नम्बर ७ पुर्ण संस्थागत सुत्केरी वडा घोषणा भए पश्चात् नगर पालिकालाई नै पूर्ण संस्थागत सुत्केरी घोषणा गर्ने बाटो खुलेकोको थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले बताए ।

कार्यविधिअनुसार ९८ प्रतिशत गर्भवती स्वास्थ्य संस्थामै सुत्केरी भएको, सरकारको मापदण्डअनुसार ९० प्रतिशतले गर्भवती टिडी खोप लगाएको, आइरन चक्की–जुकाको औषधि खाएको, नियमित रूपमा गर्भ जाँच गराएको लगायत मापदण्डअनुसार पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्ने गरिएको थाहा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए । सरकारले सन् २०३० सम्म अस्पतालमै सुत्केरी गराउनेको संख्या ९० प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ ।

थाहा–७ का वडा अध्यक्ष तथा देउखेल सहरी स्वास्थ्य केन्द्रका व्यवस्थापन समितिका अध्यक्ष शिवराज थिङको अध्यक्षतामा भएको कार्यक्रममा थाहानगर भित्र रहेका स्वास्थ्य संस्थाका प्रमुखहरू, प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर डाक्टर जोनसन बिक, सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक बिष्णु वाइवा, थाहा नगरपालिका आर्थिक विकास समिती संयोजक हिरेन्द्र कुमार रायमाझीलगायत स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका पदाधिकारी, जनप्रतिनिधिहरू महिला स्वयंसेविका, स्वास्थ्यकर्मीलगायतका उपस्थिति रहेको थियो ।

सो अवसरमा वडालाई पुर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्न खटिएका स्वास्थ्यकर्मी देउखेल सहरी स्वास्थ्य केन्द्रकी अनमी नानीमाया थिङ र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मान गरिएको थियो। रूस्वास्थ्य केन्द्रका प्रमुख नेमराज थिङले संचालन गरेको कार्यक्रमलाई स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका सदस्य सचिव चन्द बहादुर थिङले स्वागत गरेका थिए ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

उपचार खर्च सम्बन्धी थाहा नगरपालिकाको सूचना

यस थाहा नगरपालिकामा संघीय सरकारबाट प्राप्त अनुदान मार्फत मृगौला प्रत्यारोपन गरेका, डायलासिस गरिरहेका रोगी र मेरुदण्ड पक्षघाका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार नामावली समावेश भएका लाभग्राहीहरुलाई मासिक रुपमा पाँच हजार रुपैयाँ उपचार खर्च उपलब्ध गराउँदै आएकोमा हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिचय पत्र थाहा नगरपालिकाको सबै वडाहरुमा वितरण भैसकेकोले सोही कार्यविधिको नियम २ (ग) अनुसार गरिबीको परिचय पत्र पाएकाहरुलाई मात्र उक्त सुविधा दिने व्यवस्था भएको सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा



समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# बागमती सरकारको २६ प्रतिशत बजेट फ्रिज



◆ विकास संवाददाता

बागमती सरकारले चालु आर्थिक वर्षमा २६ प्रतिशत बजेट खर्च गर्न नसकेर फ्रिज भएको छ । प्रदेश सरकारले १६ अर्ब ७५ करोड रूपैयाँ बजेट खर्च गर्न नसकी फ्रिज भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।बागमती सरकारले चालु आर्थिक वर्ष (२०८१/०८२) विनियोजित कुल बजेटको ७४ प्रतिशतमात्र खर्च गरेको हो । कुल ६४ अर्ब ५४ करोड रूपैयाँको बजेटमा प्रदेश सरकारले असारसम्म ४७ अर्ब ७९ करोड रूपैयाँ खर्च गरेको हो ।

प्रदेश लेखा नियन्त्रकको कार्यालय, हेटौंडाका अनुसार बागमतीका १४ मन्त्रालय, आयोग र निकायहरूबाट चालु खर्चतर्फ ७१.५ प्रतिशत (१८ अर्ब ४० करोड रूपैयाँ) र पुँजीगततर्फ ७८.५० प्रतिशत (२८ अर्ब ४० करोड रूपैयाँ) बजेट खर्च भएको छ ।

प्रदेश सरकारले चालु खर्चतर्फ २५ अर्ब ७२ करोड रूपैयाँ बजेट छुट्ट्याएको थियो भने विकास बजेटतर्फ ३७ अर्ब ३१ करोड रूपैयाँ गरी कुल ६४ अर्ब ५४ करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो । प्रदेश सरकारले असार महिनामा मात्र कुल खर्चको १९ प्रतिशत बजेट खर्च गरेको छ । प्रदेश सरकारका मन्त्रालय र निकायले गत जेठ मसान्तसम्मको अवधिमा कुल विनियोजित बजेटको ५५.५६ प्रतिशत रकममात्र खर्च गरेका थिए ।

गत वर्षको तुलनामा बागमती सरकारको बजेट खर्च सामान्य वृद्धि भएको छ । गत आर्थिक वर्ष ७० प्रतिशत बजेट खर्च गरेको बागमती सरकारले चालु आर्थिक वर्षमा ७४ प्रतिशत बजेट खर्च गरेको हो । प्रदेश लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायका अनुसार राजनीतिक असन्तुलन र सरकार परिवर्तनको असर नपर्दा कार्यक्रम कार्यान्वयनमा सहज भएकाले बजेट खर्च केही बढेको हो ।

यसैबीच बागमती सरकारका १४ मन्त्रालयमध्ये सबैभन्दा बढी खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले खर्च गरेको छ । उक्त मन्त्रालयको कुल बजेट ७ अर्ब ४७ करोड रूपैयाँमध्ये ६ अर्ब ९५ करोड रूपैयाँ (९३ प्रतिशत) खर्च भएको छ । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ८० प्रतिशत बजेट खर्च गरेको छ । सो मन्त्रालयले कुल विनियोजित ४७ करोड ११ लाख रूपैयाँ बजेटमध्ये ३७ करोड ८६ करोड रूपैयाँ खर्च गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २ अर्ब १५ करोड २३ लाख रूपैयाँ बजेटमध्ये १ अर्ब ६८ करोड रूपैयाँ (६७.२९ प्रतिशत) खर्च गरेको छ । सबैभन्दा बढी बजेट २३ अर्ब १३ करोड रूपैयाँ बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले १७ अर्ब ३४ करोड रूपैयाँ (७५ प्रतिशत) बजेट खर्च गरेको छ । सामाजिक विकास मन्त्रालयको ३ अर्ब ९३ करोड रूपैयाँ बजेटमध्ये ३ अर्ब २० लाख रूपैयाँ खर्च गरेको छ । स्वास्थ्य मन्त्रालयको ४ अर्ब १६ करोड बजेटमध्ये ३ अर्ब ३० करोड रूपैयाँ (७९ प्रतिशत) बजेट खर्च गरेको छ ।

त्यस्तै वन तथा वातावरण मन्त्रालयको ३ अर्ब ३८ करोड रूपैयाँ बजेटमध्ये २ अर्ब ६६ करोड रूपैयाँ (७९ प्रतिशत), संस्कृति, पर्यटन मन्त्रालय (सहकारी सहित)ले २ अर्ब ६४ करोड रूपैयाँ बजेटमध्ये २ अर्ब ६ करोड रूपैयाँ (७८.२६ प्रतिशत) खर्च गरेको छ ।

युवा तथा खेलकुद मन्त्रालयले ८२ करोड ८ लाख रूपैयाँ बजेटमध्ये ७९.२९ प्रतिशत (६५ करोड ८ लाख रूपैयाँ) खर्च गरेको छ भने श्रम रोजगार तथा यातायात मन्त्रालयले ९४ करोड ६८ लाख रूपैयाँ बजेटमध्ये ५७ करोड ४० लाख रूपैयाँ (६०.६३ प्रतिशत) बजेट खर्च गरेको छ ।

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको ७३ करोड ७९ लाख रूपैयाँ बजेटमध्ये ५२ करोड ६५ लाख रूपैयाँ (७१.६३ प्रतिशत), आर्थिक मामिला तथा योजना मन्त्रालयको २५ करोड ५३ लाख रूपैयाँ बजेटमध्ये १५ करोड ६५ लाख रूपैयाँ (६१ प्रतिशत) बजेट खर्च भएको छ ।मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ४८ करोड १८ लाख रूपैयाँ बजेटमध्ये २४ करोड ६९ लाख रूपैयाँ (५१.२६ प्रतिशत) खर्च गरेको छ । स्थानीय तह अनुदानतर्फ ९३ प्रतिशत (७ अर्ब ८३ करोड रूपैयाँ) बजेट निकासा भएको छ ।

# जिल्लाको ७० र उच्च अदालत पाटन हेटौंडाको ७२ प्रतिशत मुद्दा फर्स्योट

◆ विकास संवाददाता



जिल्ला अदालत मकवानपुरले आर्थिक वर्ष (आव) ०८१/०८२ मा करिब ७० प्रतिशत मुद्दा फर्स्योट गरेको छ । अघिल्लो आवकोभन्दा मुद्दा फर्स्योट करिब ११ प्रतिशत बढी हो । आव ०८१/०८२ मा जिम्मेवारी सरेर आएको १ हजार ५ सय ९७ मुद्दा र नयाँ दर्ता २ हजार ५ सय ५३ थान मुद्दासहित यस आवमा ४ हजार १ सय ५० थान मुद्दा जिल्ला अदालतमा रहेका थिए । तीमध्ये २ हजार ८ सय ६८ थान अर्थात् ६९ दशमलव ११ प्रतिशत मुद्दा फर्स्योट भएको अदालतकी स्रेस्तेदार रोशी भण्डारीले जानकारी गराइन् ।

अदालतको प्रगति विवरण जानकारी दिने उद्देश्यले आयोजित कार्यक्रममा सेस्तेदार भण्डारीले आव ०८०/०८१ मा ३ हजार ८ सय ७१ थान मुद्दामा २ हजार २ सय ७४ थान अर्थात् ५८ दशमलव ७४ प्रतिशत मुद्दा फर्स्योट गरिएको थियो ।

जिल्ला अदालत मकवानपुरमा २ वर्ष नाघेका २ वटा मात्र मुद्दा फर्स्योट हुन बाँकी छन् । आव ०८०/०८१ मा २ वर्ष नाघेका मुद्दा २२ थान थिए । मकवानपुरमा जिल्लामा लागूऔषध, सम्बन्ध विच्छेद, बैंकिङ कसुर र जबरजस्तीकरणीका मुद्दाहरू धेरै छन् । ती मुद्दाहरू अदालतमा दर्ता हुने क्रम बर्सेनि बढ्दै गएको अदालतका सूचना अधिकारी केशवराज कौशिकले बताए ।

जिल्ला अदालतले मंगलबार अपराह्न आयोजना गरेको उक्त कार्यक्रममा चारै जना न्यायाधिशहरूको उपस्थिति रहेको थियो । जिल्ला अदालत मकवानपुरमा स्रेस्तेदारसहित चारै जना न्यायाधीशहरू महिला रहेका छन् । जिल्ला अदालतमा ६० जना कर्मचारी रहेका छन् । तीमध्ये २६ जना महिला छन् ।

यसैबीच उच्च अदालत पाटन हेटौंडा इजलासले गत आवमा ७२ प्रतिशत मुद्दा फर्स्योट गरेको छ । अघिल्लो आवकोभन्दा गत आवको मुद्दा फर्स्योटमा ४ प्रतिशतले कमी आएको छ । अघिल्लो आवमा ७६ प्रतिशत मुद्दा फर्स्योट भएको थियो । अघिल्लो आवभन्दा गत आवमा मुद्दाको संख्या बढेकाले मुद्दा फर्स्योटमा कमी आएको उच्च अदालत पाटन हेटौंडा इजलासका एक अधिकृतले बताए । हेटौंडा इजलासमा आव ०८१/०८२ मा जिम्मेवारी सरेर आएका सहित १ हजार ७ सय २७ थान मुद्दा दर्ता भएका थिए । तीमध्ये १ हजार २ सय ४७ मुद्दा फर्स्योट गरिएको थियो । अघिल्लो आवमा १ हजार ६ सय १९ थान मुद्दा रहेका थिए । तीमध्ये १ हजार २ सय ४५ फर्स्योट गरिएको थियो ।

चितवन र मकवानपुर कार्य क्षेत्र रहेको उच्च अदालत पाटन हेटौंडा इजलासमा १ वर्ष र २ वर्ष नाघेका मुद्दा शून्य छन् । ७ जना न्यायाधीशको दरबन्दी रहेको उक्त अदालतमा ५ जनामात्रै महिला न्यायाधीश रहेका छन् ।

## भू-संरक्षण गरौं !

भू-संरक्षणका उपायहरू:

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भू-क्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरू अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

माटो बचाऔं, भविष्य जोगाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी